# प्रदेश लोक सेवा आयोग

# कोशी प्रदेश, विराटनगर

## प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूह, चौथो तह, वैद्य पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**पाठ्यक्रमको रूपरेखाः यस पाठ्यक्रमको आधारमा निम्नानुसार दुई चरणमा परीक्षा लिइने छ :**

प्रथम चरणः लिखित परीक्षा पूर्णाङ्कः २००

द्वितीय चरणः कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता पूर्णाङ्क :- ४०

**परीक्षा योजना (Examination Scheme)**

**प्रथम चरणः लिखित परीक्षा**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या अङ्कभार | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सेवा सम्बन्धित कार्य-ज्ञान (Job related-knowledge) | १०० | ४० | वस्तुगत (बहुवैकल्पिक) प्रश्न (MCQs) | Section A: २० प्रश्नx२ अङ्क=४० अङ्क<br>Section B: २० प्रश्नx२ अङ्क=४० अङ्क<br>Section C: १० प्रश्नx२ अङ्क=२० अङ्क | ४५ मिनेट |
| द्वितीय | | १०० | ४० | विषयगत (Subjective) | Section A: २ प्रश्नx १० अङ्क=२०अङ्क<br>४ प्रश्नx ५ अङ्क=२० अङ्क<br>Section B: २ प्रश्नx १० अङ्क=२०अङ्क<br>४ प्रश्नx ५ अङ्क=२० अङ्क<br>Section C: ४ प्रश्नx ५ अङ्क=२० अङ्क | २ घण्टा ३० मिनेट |

**द्वितीय चरणः कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता**

| विषय | पूर्णाङ्क | परीक्षण प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | २० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ३० | मौखिक (Oral) | - |

**द्रष्टव्य :**

१. यो पाठ्यक्रमको योजनालाई प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा विभाजन गरिएको छ।

२. लिखित परीक्षाको प्रश्नपत्रको माध्यम भाषा पाठ्यक्रमको विषयवस्तु जुन भाषामा दिइएको छ सामान्यतया सोही भाषा नेपाली वा अंग्रेजी मध्ये कुनै एक भाषा हुनेछ। तर विषयवस्तुलाई स्पष्ट गर्नुपर्ने अवस्थामा दुवै भाषासमेत प्रयोग गर्न सकिने छ।

३. परीक्षार्थीले उत्तर नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै भाषामा लेख्न सक्नेछन्।

४. प्रथम पत्र र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ।

५. वस्तुगत वा बहुवैकल्पिक (Multiple Choice) प्रश्नको उत्तर गलत दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। उत्तर नदिएको अवस्थामा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

६. वस्तुगत (बहुवैकल्पिक) प्रश्न हुने परीक्षामा OMR उत्तरपुस्तिका प्रयोग हुनेछ। OMR उत्तरपुस्तिकाको विवरण खण्डमा सबै विवरण कालो मसी भएको कलम/डटपेनले लेखी उत्तरपुस्तिकामा दिइएको निर्देशन बमोजिम निर्दिष्ट गरिएको घेराभित्र नमूनामा देखाइए अनुसार पूरा भरिने गरी Bubble लगाउनु पर्नेछ। उत्तरपुस्तिकामा लेख्नुपर्ने विवरण बाहेक अन्यत्र दाग लगाउन वा कोर्न वा पट्याउन वा खुम्च्याउन हुँदैन। उत्तरपुस्तिकामा अन्य कुनै सङ्केत गरेको भए त्यस्तो उत्तरपुस्तिका रद्द हुनेछ।

७. बहुवैकल्पिक प्रश्न हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन।

८. विषयगत प्रश्नहरूको हकमा तोकिएको अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुईभन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिने छ।

९. विषयगत प्रश्न हुने पत्रमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उक्त उत्तरपुस्तिका परीक्षण हुनेछैन। थप कपीको प्रयोग भएमा सोही खण्डको उत्तरपुस्तिकामा नत्थी गर्नु पर्नेछ।

१०. परीक्षामा सोधिने प्रश्नसङ्ख्या, अङ्क र अङ्कभार यथासम्भव परीक्षा योजनामा उल्लेख भए अनुसार हुनेछ।

११. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियम तथा नीतिहरू परीक्षाको मितिभन्दा तीन महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

१२. प्रथम चरण (First Phase) अन्तर्गत प्रथम पत्रको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरू मात्र द्वितीय पत्रको लिखित परीक्षामा सम्मिलित हुन पाइने छ।

१३. **परिमार्जित यो पाठ्यक्रम आ.व. २०८३/०८४ देखि प्रकाशित हुने विज्ञापनहरूमा लागू हुनेछ ।**

**पाठ्यक्रम लागू हुने मितिः २०८३/४/1**

## प्रदेश लोक सेवा आयोग
## कोशी प्रदेश, विराटनगर
## प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूह, चौथो तह, वैद्य पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम
## प्रथम र द्वितीय पत्र
## सेवा सम्बन्धित कार्य-ज्ञान (Job based knowledge)
### खण्ड (Section) (A)

**१. मौलिक सिद्धान्त, शरीर रचना र क्रिया विज्ञान**

१.१ आयुर्वेदको परिभाषा र महत्व, अष्टांग आयुर्वेदको परिभाषा, आयुर्वेदको त्रिसुत्र, सृष्टि उत्पत्तिक्रम, आयुको घटक

१.२ आयुर्वेद अवतरण, प्रकृति, शरीर, इन्द्रिय, मन र आत्मा, दोष, भेद, स्थान, कर्म, ज्ञान, धातु उपधातु, मल, पंचमहाभूत, संख्या र सामान्य परिचय, पुरुष, आयुर्वेदका प्रमख ग्रन्थहरू ।

१.३ कोष, संगठन, तन्तु प्रकार, अस्थि प्रकार, संख्या, कर्म विभाजन, गणना, षडंग शरीर, सन्धि, प्रकार, कार्य, मांशपेशी, सामान्य प्रकार, नासा, स्वरयन्त्र, श्वासनली, फुफ्फुस, मुख, दन्त, लालाग्रन्थी, अन्ननली, आमाशय, ग्रहणी, क्षुद्रान्त, स्रोत, आशय, प्रमाण शरीर, प्रकृति

१.४ रक्तसञ्चार प्रणाली, मुत्र प्रणाली, स्नायु प्रणाली, हृदय, धमनी, शिरा, रक्त उत्सर्जन प्रणाली, स्त्री पुरुष प्रजननांग, पंचेन्द्रियहरूको रचना र क्रियासम्बन्धी ज्ञान

१.५ जीवनीय घोल (Electrolyte Fluid) को ज्ञान, पि.एच. मात्रा

**२. द्रव्यगुण**

२.१ **द्रव्यगुण शास्त्रः** परिचय, प्रयोजन, वर्णित पाँच एवं सात पदार्थ, द्रव्य लक्षण, कर्म, समवाय, कारण द्रव्य, कार्य द्रव्य, वर्गीकरण, रस, गुण, वीर्य, विपाक प्रभावको परिभाषा, भेद, कर्म, विशाक्त गुण

२.२ **पारिभाषिक शब्दहरुः** दीपन, पाचन, शमन, अनुलोमन, स्रंसन, भेदन, रेचन, वमन, संशोधन, छेदन, लेखन, ग्राही, स्तम्भन, रसायन, अभिष्यन्दी, बृंहण, व्यवायी, विकाशी, रसायन, वाजीकरण, मदकारी, योग्वाही आदि कर्मको ज्ञान

२.३ **द्रव्य नाम र सामान्य प्रयोग ज्ञानः** त्रिफला, त्रिकटु, चतुरुष्ण, पञ्चकोल, षडुषण, चतुर्वीज, पंचतिक्त, लघुपञ्चमूल, वृहतपञ्चमूल, दशमूल, अष्टवर्ग, पञ्चवल्कल, पञ्चतृण, जीवनीयगण, क्षाराष्टक, उपविष, अम्लगण, चतुस्नेह, शीलाजित, रसाञ्जन, मधुर त्रिफला, त्रिमधु, त्रिमद, चतुर्जातक, पन्चामृत

२.४ **निम्न द्रव्यहरूको आमयिक प्रयोग, प्रयोज्य अंग, मात्राको सामान्य जानकारीः** अर्द्रक, आमलकी, अशोक, आरग्वध, अश्वगन्धा, अर्क, उशीर, उदुम्बर, एला, एरण्ड, कुटज, कुटकी, किराततिक्त, कम्पिल्लक, कटफल, कुमारी, कुश, कास, कुष्ठ, खदिर, गुग्गुल, गुडूची, गोक्षुर, चांगेरी, चित्रक, चन्दन, जपा, जटामसी, जीरक, जातिफल, तुलसी, दुर्वा, दारुहरिद्रा, द्रोणपुष्पी, धातकी, धान्यक, पिप्पली, पिपल, प्रियंगु, पाठा, पलास, पृश्निपर्णी, पुनर्नवा, बला, वृहती, बर, बरुण, बिल्व, बाकुची, बिडंग, बंशलोचन, विभीतक, भृंगराज, भूम्यामलकी, मुस्तक, मूलक, मरिच मण्डूकपर्णी, मञ्जीष्ठा, यष्टिमधु, यवानी, रोहितक, रसोन, रुद्राक्ष, लवंग, लाक्षा, वचा, वासा, शतावरी, शंखपुष्पी, सर्पगन्धा, सारिवा, हरितकी, हरिद्रा, हिंगु, त्रिवृत्त, अस्थिसंहारी, इश्वगोल, कटफल, कान्चानार, निम्ब, सुरण, अर्जुन, पुदीना, वत्सनाभ, पलाश

**३. रस शास्त्र तथा भैषज्य कल्पना**

३.१ **रसशास्त्र परिचय र पारिभाषिक शब्दः** रस (पारद), महारस (अभ्रक, माक्षिक, शिलाजित), उपरस (गन्धक, गैरिक), साधारण रस, (नवसादर, हिंगुल), सुधावर्ग (चुना, खटिका, दुग्धपाषाण, यवक्षार, सर्जिकक्षार, गोदन्ती, कपर्दक, शुक्ति, शंख, मृगश्रृंग, मयूरपुच्छ), रत्न (मोती, प्रवाल), धातु, उपधातु (मण्डुर), विष (स्थावर, जांगम), विष— उपविषको सामान्य परिचय, मुषा, यन्त्र, पुट, उपरत्नको सामान्य परिचय

३.२ **भैषज्य कल्पनाः** भैषज्य कल्पनाको परिचय, महत्व, शुद्धीकरण महत्व, औषध स्रोत, पंचविध कषाय कल्पना (निर्माण विधि, मात्रा, प्रयोगसम्बन्धी सामान्य जानकारी), औषध सेवनकालको ज्ञान

३.३ **चूर्णः** त्रिफला चूर्ण, सितोपलादि चूर्ण, अविपत्तिकर चूर्ण, सुदर्शन चूर्ण, धान्यपंचक चूर्ण, रोहितक्यादी चूर्ण, पंचासकार चूर्ण, लवणभास्कर चूर्ण

३.४ **वटीः** योगराज गुग्गुल, कुटज घनवटी, कासान्तक वटी, किशोर गुग्गुलु, रातोवरी, चन्द्रप्रभावटी

३.५ **अवलेहः** वासावलेह, कण्टकार्यावलेह, कुटजावलेह, च्यवनप्राश, चित्रक हरीतकी

३.६ **अञ्जनः** रसाञ्जन

३.७ **आसव/अरिष्टः** कुमार्यासव, लोहासव, द्राक्षासव, लोहासव, दशमूलारिष्ट, अशोकारिष्ट

३.८ **घृत/तैलः** त्रिफला घृत, लसुन तेल, सिक्थ तेल, ब्राम्हीघृत

३.९ **मलहमः** दद्रुविद्रावण मलहम आदिको निर्माण, गुण, मात्रा, प्रयोगबारे सामान्य ज्ञान

**४. शल्य र शालाक्य चिकित्सा**

४.१ परिचय, व्रण शोथ, विद्रधि, सद्योव्रणका परिचय, शल्य र शालाक्यको परिचय, कारण, भेद, लक्षण, चिकित्सा, अष्टविध शस्त्रकर्म, अस्थिभग्न, सन्धिच्यूत एवं प्रारम्भिक चिकित्सा

४.२ क्षारसुत्रको परिचय र विधिको सामान्य जानकारी

४.३ नासागत रोग — संख्या सम्प्राप्ति, लक्षण, सामान्य चिकित्सा, प्रतिश्याय, नासागत रक्तपित्त, सूर्यावर्त, अर्धावभेदक, शीताद, दन्तशूल, कृमीदन्त, दन्तहर्ष, मुखपाक, तुण्डीकेरी शोथ, कण्ठशोथ, कर्णस्राव, कर्णशूल, पक्ष्मकोप, अभिष्यन्द, नक्तान्ध परिचय, लक्षण र सामान्य चिकित्सा

४.४ नासागत एवं कर्णगत शल्य निर्हरण विधि

४.५ जलौकाको परिचय, प्रकार र प्रयोग

४.६ अग्निकर्मको परिचय, प्रकार र प्रयोग

**५. बाल र स्त्री तथा प्रसुती रोग**

५.१ परिभाषा, स्तन्यपान, क्षीरवर्धक द्रव्य, नाभिपाक, दन्तोद्भेदकालिक व्याधि, लक्षण, चिकित्सा, उदरशूल, बालातिसार, गुदपाक, कृमि, बालशोष, फक्क, छर्दि, बाल कामला, बाल श्वसनक ज्वर, प्रतिश्याय लक्षण, सामान्य चिकित्सा, वय विभाजन, दन्त प्रकरण, वालग्रहको सामान्य ज्ञान

५.२ स्त्री ऋतुकाल, रज काल, रजस्वला, कष्टार्तव, श्वेतप्रदर, सूतीका रोग, कारण, लक्षण, सामान्य चिकित्सा

५.३ गर्भिणी मासानुमासिक परिचर्या, पाण्डु, कामला, शोथ, कारण, लक्षण सामान्य चिकित्सा, गर्भको मासानुमासिक वृद्धि

## खण्ड (Section) (B)

**६. निदान र चिकित्सा**

६.१ अष्टविध परीक्षा, पंचनिदान, त्रिविध परीक्षा

६.२ **निम्न रोगहरूको निदान, लक्षण, चिकित्सा सम्बन्धी सामान्य ज्ञानः** अग्निमान्ध, अतिसार, अम्लपित्त, आमवात, सन्धिवात, वातरक्त, उदररोग, कामला, कास, चर्मरोग, कृमी, ग्रहणी, गृध्रसी, ज्वर, प्रवाहिका, पाण्डु, विसर्प, मूत्रकृच्छ्र, राजयक्ष्मा, श्वास, शूल, शोथ, विशुचिका, प्रवाहिका, मुत्रकृछ, मुत्राघात, मुत्राश्मरी, पक्षाघात

**७. स्वस्थवृत्त**

७.१ स्वस्थवृत्तको परिभाषा, स्वास्थ्य लक्षण, रोगको कारण, लक्षण

७.२ दिनचर्या, ऋतुचर्या, जनपदोध्वंश, ओकसात्म्य, धारणीय अधारणीय वेग

७.३ व्यायाम, स्नान, अभ्यंग, व्याधिक्षमत्व ज्ञान

७.४ योग एवं प्राकृतिक चिकित्साको सामान्य ज्ञान

७.५ अष्टांग योगको परिचय र महत्व

७.६ **केही बहुउपयोगी आशनहरूको परिचय विधि र फाइदाः** सूर्य नमस्कार, पद्मासन, वज्रासन, सिद्धासन, गोमुखासन, ताडासन, उष्ट्रासन, पवनमुक्तासन, सर्वाङ्गासन, मंगलाचरण, सुक्ष्म व्यायाम, स्थुल व्यायाम, ब्रेथिंग एक्सरसाइज, पंचकोषको परिचय, मुद्रा, कुर्सी सुर्य नमस्कार, सूर्य नमस्कार, शवासन

७.७ प्राणायामको परिचय र महत्व

७.८ अनुलोम विलोम, भ्रामरी, कपालभाति प्राणायाम, भस्त्रिका, षटकर्मको सामान्य परिचय, विधि र महत्वबारे जानकारी

७.९ पूर्व कर्म, पंचकर्म को परिचय र महत्व

७.१० स्नेहन, अभ्यङ्ग, स्वेदन, नस्य, वाह्य वस्ती, शिरोधारा, योनिप्रक्षालनको परिचय, महत्व र विधिबारे जानकारी

**८. सामुदायिक चिकित्सा**

८.१ **निम्नलिखित रोगहरूको परिचय, निदान, लक्षण, रोकथाम र चिकित्साबारे सामान्य ज्ञानः** ठेउला (Chickenpox), दादुरा (Measles), हाँडे/कर्णमूलशोथ (Mumps), कुष्ठरोग (Leprosy), विषमज्वर (Malaria), कालाज्वर (Kala-azar), श्लीपद (Filaria), प्रवाहिका (Dysentery), लहरेखोकी (Whooping Cough), भ्यागुते रोग (Diphtheria), धनुष्टंकार (Tetanus), गण्डुस्पदक्रिमी (Roundworm), अङ्कुशेजुका (Hookworm), स्फितक्रिमी (Tapeworm), चूर्ना (Pinworm), प्रतिश्याय (Common Cold), क्षयरोग/राजयक्ष्मा (Tuberculosis), मुखशोथ (Stomatitis), यकृतशोथ (Hepatitis), दाद/दद्रु (Ringworm), लुतो/पामा (Scabies), आमाशयगतशोथ (Gastritis), मष्तिष्कावरण ज्वर (Meningitis)

८.२ समुदायमा हुने सरुवा रोगहरूको परिचय र नियन्त्रण, खोप पद्धतिबारे सामान्य ज्ञान

८.३ कुपोषण(Malnutrition) जन्य रोगहरूको सामान्य परिचय, निदान र चिकित्सा

८.४ नसर्ने रोगहरूको सामान्य परिचय

८.५ मधुमेह, उच्च रक्तचाप, अर्बुद रोग, थाइराइडसम्बन्धी विकृतिहरूको सामान्य परिचय, जीवनशैली तथा व्यवस्थापनबारे जानकारी

८.६ **निम्न अवस्थाहरूको प्राथमिक उपचार, कारण, लक्षण बारे ज्ञानः** कृत्रिम श्वासप्रश्वास क्रिया, ड्रेसिङ तथा वेण्डेज, रक्तस्राव, विष, सर्पविष, रेविज रोग, पानीमा डुब्नु, दग्ध, लु लाग्नु, अस्थिभग्न, सन्धिच्यूत(Dislocation)

८.७ जनस्वास्थ्य, वातावरणीय स्वास्थ्य, वायु, जलको ज्ञान, Carbohydrate, Protein, Fat, Mineral, Vitamin, पानी, अन्न, दूध, मासुबारे ज्ञान

### ९. परिवार नियोजन तथा जनसंख्या

९.१ परिवार नियोजन परिभाषा, परिवार नियोजनका विधिहरू (अस्थायी, स्थायी), उपयोग, फाइदाः बेफाइदा, परिवार नियोजन परामर्शबारे ज्ञान

९.२ Vital Statistics, जनसंख्या, जनगणना, मातृ-मृत्युदर, शिशु जन्म तथा मृत्युदरबारे ज्ञान

### १०. स्वास्थ्य प्रणाली, स्वास्थ्य व्यवस्थापन तथा समसामयिक नीति एवं ऐन, नियमहरू

१०.१ नेपालमा प्रचलित स्वास्थ्य प्रणालीहरू सम्बन्धी सामान्य जानकारी

१०.२ आयुर्वेद विभाग, प्रादेशिक स्वास्थ्य मन्त्रालय तथा स्थानीय तहका स्वास्थ्य शाखा/महाशाखा सम्बन्धी जानकारी

१०.३ आयुर्वेद चिकित्सा परिषद नेपाल, World Health Organization, Red Cross सम्बन्धी जानकारी

१०.४ आयुर्वेदका राष्ट्रिय कार्यक्रमहरू सम्बन्धी सामान्य जानकारी

१०.५ नागरिक आरोग्य कार्यक्रम सम्बन्धी जानकारी

१०.६ आयुर्वेद सूचना व्यवस्थापन प्रणाली सम्बन्धी जानकारी

१०.७ AAHW को कार्यविवरण

१०.८ स्थानीय सरकार संचालन २०७४ (स्वास्थ्य सम्बन्धी विषयहरू मात्र)

१०.९ स्वास्थ्यसँग सम्बन्धित दिवसहरू

### खण्ड (Section) (C)

१. नेपालको संविधानको भाग १ देखि ५ र भाग १३ देखि २२ सम्म तथा अनुसूचीहरू

२. प्रदेश निजामती सेवा ऐन, २०७९ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी

३. प्रदेश निजामती सेवा नियमावली, २०८१ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी

४. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी

५. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी

६. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी

७. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी

८. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ (कोशी प्रदेश) को परिच्छेद १ र परिच्छेद ६ सम्बन्धी जानकारी

९. कोशी प्रदेशको योजनावद्ध विकास तथा चालु आवधिक योजनासम्बन्धी सामान्य जानकारी

**नोटः प्रथमपत्रको वस्तुगत प्रश्न सामान्यतया देहाय अनुसारका इकाइबाट देहाय अनुसार प्रश्न सोधिने छ।**

| विवरण | खण्ड A | | | | | खण्ड B | | | | | खण्ड C | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| इकाइ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | १ | २-३ | ४ | ५-६ | ७-८ | ९ |
| प्रश्न संख्या | ४ | ४ | ५ | ३ | ४ | ४ | ४ | ५ | ३ | ४ | २ | २ | २ | २ | १ | १ |

**द्वितीय पत्रको विषयगत प्रश्न सामान्यतया देहाय अनुसारका इकाइबाट देहाय अनुसार प्रश्न सोधिने छ।**

| विवरण | खण्ड A | | | | | खण्ड B | | | | | | खण्ड C | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| इकाइ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | | ९ | १० | १ | २-३-४ | ५-६-७ | ८-९ |
| पूर्णाङ्क | १० | ५ | ५ | ५ | १० | ५ | ५ | १० | ५ | ५ | १० | ५ | ५ | ५ | ५ |
| प्रश्न संख्या | १ | १ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |

**प्रदेश लोक सेवा आयोग**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूह, चौथो तह, वैद्य पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**कम्प्युटर सीप परीक्षण (Computer Skill Test)**

**परीक्षा योजना (Examination Scheme)**

| विषय | पूर्णाङ्क | विषयवस्तु शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | Devanagari Typing | २.५ अङ्क | ५ मिनेट |
| | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | Word Processing | २ अङ्क | १० मिनेट |
| | | Electronic Spreadsheet | १ अङ्क | |
| | | Presentation System | १ अङ्क | |
| | | Windows basic, Email and Internet | १ अङ्क | |
| **जम्मा** | | | १० अङ्क | २० मिनेट |

## Contents

**1. Windows basic, Email and Internet**

- Introduction to Graphical User Interface
- Use & Update of Antivirus
- Concept of virus, worm, spam etc.
- Starting and shutting down Windows
- Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
- Concept of file, folder, menu, toolbar
- Searching files and folders
- Internet browsing & searching the content in the web
- Creating Email ID, Using email and mail client tools
- Basic Network troubleshooting (checking network & internet connectivity)

**2. Word processing**

- Creating, saving and opening documents
- Typing in Devanagari and English
- Copying, Moving, Deleting and Formatting Text
- Paragraph formatting (alignment, indentation, spacing etc.)
- Creating lists with Bullets and Numbering
- Creating and Manipulating Tables
- Borders and Shading
- Creating Newspaper Style Documents Using Column
- Security Techniques of Document
- Inserting header, footer, page number, Graphics, Pictures, Symbols
- Page setting, previewing and printing of documents
- Mail merge

**3. Presentation System**

- Introduction to presentation application
- Creating, Opening & Saving Slides
- Formatting Slides, Slide design, Inserting header & footer
- Slide Show
- Animation
- Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.

**4. Electronic Spreadsheet**

- Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)
- Creating, Opening and Saving Work Book
- Editing, Copying, Moving, Deleting Cell Contents

- Formatting Cells (Font, Border, Pattern, Alignment, Number, Protection, Margins and text wrap)
- Formatting Rows, Column and Sheets
- Using Formula with Relative and Absolute Cell Reference
- Using Basic Functions (IF, SUM, MAX, MIN, AVERAGE etc.)
- Sorting and Filtering Data
- Inserting Header and Footer
- Page Setting, Previewing and Printing

**अंग्रेजी वा देवनागरी Typing Skill Test को लागि निर्देशनः-**

1. देवननागरी Typing Skill Test को लागि देहायअनुसार अंक प्रदान गरिनेछः-

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अङ्क |
| ५ वा सोभन्दा बढी ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अङ्क |
| ७.५ वा सोभन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अङ्क |
| १० वा सोभन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अङ्क |
| १२.५ वा सोभन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अङ्क |
| १५ वा सोभन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अङ्क |
| १७.५ वा सोभन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अङ्क |
| २० वा सोभन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अङ्क |
| २२.५ वा सोभन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अङ्क |
| २५ वा सोभन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अङ्क |

2. English Typing Skill Test को लागि देहायअनुसार अंक प्रदान गरिनेछः-

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अङ्क |
| ६ वा सोभन्दा बढी ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अङ्क |
| ९ वा सोभन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अङ्क |
| १२ वा सोभन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अङ्क |
| १५ वा सोभन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अङ्क |
| १८ वा सोभन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अङ्क |
| २१ वा सोभन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अङ्क |
| २४ वा सोभन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अङ्क |
| २७ वा सोभन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अङ्क |
| ३० वा सोभन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अङ्क |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ। दिइएको अंग्रेजी वा देवनागरी Text मा उल्लिखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन। तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट (Correct Words/minute) गणना गरिनेछ।

**Formula:**

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{(\textit{Total words typed} - \textit{Wrong words})}{5}$$

**प्रदेश लोक सेवा आयोग**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूह, चौथो तह, वैद्य पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**नमूना प्रश्नहरू**

१. अष्टांग आयुर्वेद अन्तर्गत तलका मध्ये कुन अंग पर्दैन?

(A) कायचिकित्सा (B) शल्य तन्त्र

(C) कौमारभृत्य (D) योग विज्ञान

२. दीपन र पाचन दुवै कर्म गर्ने सर्वश्रेष्ठ द्रव्य तलका मध्ये कुन हो?

(A) मरिच (B) आर्द्रक (अदुवा)

(C) चित्रक (D) शुण्ठी (सुठो)

३. 'सितोपलादि चूर्ण' को मुख्य आमयिक प्रयोग (Indication) कुन रोगमा गरिन्छ?

(A) अतिसार (B) कास र श्वास

(C) अम्लपित्त (D) कामला

४. गर्भिणी मासानुमासिक परिचर्या अन्तर्गत पाँचौ महिनामा कुन घृत वा औषधिको विशेष प्रयोग निर्देश गरिएको छ?

(A) मधुर औषधिसिद्ध दूध (B) घृतयुक्त भोजन

(C) क्षीरसर्पि (दूध र घ्यू) (D) केवल सलाइन पानी

५. नेपालको वर्तमान संविधानमा 'स्वास्थ्य सम्बन्धी हक' कतिऔं धारामा व्यवस्था गरिएको छ?

(A) धारा ३० (B) धारा ३५

(C) धारा ३८ (D) धारा ४०

**विषयगत छोटो प्रश्नहरू (Short Answer Questions)**

१. पञ्चमहाभूतको नाम लेख्दै दोष, धातु र मलको सामान्य परिचय दिनुहोस्। (५)

२. 'दीपन', 'पाचन', 'अनुलोमन' र 'रसायन' कर्मको परिभाषा स्पष्ट पार्दै त्रिफला र त्रिकटु चूर्णमा समावेश हुने द्रव्यहरूको नाम लेख्नुहोस्। (५)

३. बालरोग विज्ञान अन्तर्गत 'स्तन्यपान' (Breastfeeding) को महत्त्व र स्तन्य बढाउने (क्षीरवर्धक) ४ वटा जडीबुटीहरूको नाम उल्लेख गर्नुहोस्। (५)

४. प्राथमिक उपचार भनेको के हो? समुदायमा सर्पले टोकेको (Snake bite) बिरामी आइपुगेमा एक वैद्यले गर्ने प्राथमिक उपचारका चरणहरू लेख्नुहोस्। (५)

**विषयगत लामो प्रश्नहरू (Long Answer Questions)**

५. भैषज्य कल्पना भनेको के हो? पञ्चविध कषाय कल्पनाको वर्गीकरण गर्दै चूर्ण र वटी निर्माण गर्दा ध्यान दिनुपर्ने सामान्य विधि, मात्रा र औषध सेवनकालको विस्तृत चर्चा गर्नुहोस्। (२+३+५)

६. आमवात (Rheumatoid Arthritis) र सन्धिवात (Osteoarthritis) बीचको फरक निदान तथा लक्षणका आधारमा स्पष्ट पार्नुहोस्। आयुर्वेद चिकित्सालय वा केन्द्रमा अष्टविध परीक्षा र त्रिविध परीक्षा कसरी गरिन्छ? व्याख्या गर्नुहोस्। (५+५)